स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सनराइज पिक्चर्स प्रालीको ब्यानरमा निर्माण भएको नेपाली फिल्म "बाटुलो जून"को प्रदर्शन मिति घोषणा गारिएको छ । अभिनेता अनमोल केसीको जन्मदिनको अवसरमा सोमबार उनको आगामी फिल्मको प्रदर्शन मिति तय गारिएको हो । निर्माताले पोस्टर सार्वजनिक गर्दै यो फिल्म आगामी वर्ष २०८३ को दशैंको फूलपाती छेकोमा (असोज ३०, अक्टोबर १६) मा रिलिज हुने सार्वजनिक जानकारी गाराएको हो ।

आजको विचार...



२१औँ...
*(दुई पेजमा)*

बलराम बास्कोटा

गायक तथा कलाकार अशोक दर्जी ८ वर्षपछि घर फर्किएका छन् । उनलाई अहिलेसम्म भरणपोषण, आश्रय र अभिभावकत्व दिँदै आएका संगीतकार टंक बुढाथोकीले सामाजिक सञ्जालबाट यसबारे जानकारी दिएका हुन् । बुढाथोकीले सडकबाट घरमा अपनत्व दिएर अशोकलाई हुर्काउने, बढाउने र शिक्षा दिएका थिए । अशोकलाई लिएर उनले हालै "मनबिनाको धन" फिल्म पनि बनाएका थिए ।



❒ वर्ष ३१ ❒ अंक २४२ ❒ २०८२ चैत १७ गते मंगलबार 31 March 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा मृत्यु हुनेको संख्या २२ पुग्यो

(रासस/एएफपी) ——

**जोस(नाइजेरिया),** चैत १६/यस अघि बन्दुकधारीहरूले नाइजेरियाको अशांत पठार राज्यको राजधानी जोस स्थित एउटा बारमा आक्रमण गरी कम्तिमा एक दर्जन मानिसहरूको हत्या गरेका थिए । आक्रमणको प्रतिशोधको क्रममा थप १० जनाको मृत्यु भएको स्थानीयहरूलाई उदृत गर्दै सोमबार एएफपीले जनाएको छ । नाइजेरियाको मध्य क्षेत्रमा रहेको पठार राज्यका ग्रामीण क्षेत्रमा बारम्बार हिंसा हुने गरेको जनाइएको छ । जुन किसानहरू बीचको भूमि विवादसँग जोडिएको छ । जोस नर्थ जिल्लाको अङ्गुवान रुकुबामा रहेको बार-एण्ड रेस्टुरेन्टमा आइतबार अज्ञात बन्दुकधारी समुहले गोली चलाउँदा कम्तीमा १२ जनाको मृत्यु भएको पठार रेडक्रसका सचिव नुरुद्दीन हुसैनी मगाजीले पुष्टि गरेका छन् । आक्रमणकारीले संयुक्त रूपमा गोली हान्दा १२ जनाको घटनास्थलमै मृत्यु स्थानीयलाई उदृत गर्दै एएफपीले जनाएको छ । सरकारले संदिग्धहरूको नाम नखुलाई अनुसन्धान चलिरहेको बताएको छ ।

# ओली र लेखकलाई रिहा गर्न सर्वोच्च अदालतले गर्‍यो अस्वीकार

## सरकारका नाममा कारण देखाऊ आदेश

**हाम्रा संवाददाता** ——

**काठमाडौं,** चैत १६/ सर्वोच्च अदालतले गैरकानुनी थुनामा परेको दाबी गरिएका पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई रिहा गर्न अस्वीकार गरेको छ । न्यायाधीश मेघराज पोखरेल र कुमार रेग्मीको छुट्टाछुट्टै इजलासले दुवै जनालाई रिहा गर्न अस्वीकार गरेको हो ।

सर्वोच्चले ओली र लेखकलाई पक्राउ गर्नुको कारण माग गर्दै सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ । दुवैको हकमा एउटै बेहोराको 'कारण देखाउ आदेश' जारी भएको छ । न्यायाधीश पोखरेल र रेग्मीको छुट्टाछुट्टै इजलासले जारी गरेको कारण देखाउ आदेशले जोड दिएको विषय र माग गरेका फाइल मिल्दोजुल्दो छन् । आदेश अनुसार, सर्वोच्च अदालत प्रशासनले अब दुईवटै



निवेदन एकसाथमा सुनुवाइ गर्नुपर्नेछ । न्यायाधीश पोखरेलको इजलासले ओलीलाई जरुरी पुर्जी नै जारी गरेर पक्राउ गर्नुपर्ने अवस्था थियो कि थिएन भनी प्रश्न उठाएको छ । आदेशमा भनिएको छ, 'निवेदकलाई जरूरी पक्राउपूर्जि जारी गर्नुपर्ने उल्लिखित दफाको पूर्वावस्था रहे/नरहेको के हो ? जवाफ आउने गरी लिखितजवाफ पेस गर्न लगाउनू ।' न्यायाधीश पोखरेलले पूर्वगृहमन्त्रीको निवेदनमा अर्का न्यायाधीश कुमार रेग्मीले दिएको आदेशमा भैं कार्की आयोगको प्रतिवेदन पेश गर्नू र इजलासमा देखाएर लैजानू भनेका छन् । अनि उस्तै प्रकृतिको विषयवस्तुमा पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेको र त्यो विरुद्धको निवेदन समेत रहेको भन्दै सर्वोच्च अदालतले दुवैलाई एकसाथ पेश गर्न आदेश दिएको छ]. *(... बाँकी अन्तिम पेजमा)*

# एक करोडको अवैध सामान बरामद



**रुपन्देही,** चैत १६/ रुपन्देहीमा ठूलो परिमाणमा अवैध सामान बरामद गरिएको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जिल्लाका विभिन्न स्थानबाट एकैदिन एक करोडको अवैध सामान बरामद गरेको हो ।

चेक जाँच गर्ने क्रममा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले सोमबार अवैध रुपमा भन्सार छली चोरी पैठारी गरेको उक्त सामान बरामद गरेको प्रहरीले जनाएको छ । बरामद गरिएको सामान र सवारीसाधन आवश्यक कारवाहीका लागि पशु क्वारेन्टाइन कार्यालय भैरहवा तथा भन्सार कार्यालय बेलहिया पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीले बरामद गरेको सामानमा सुन,सुन काट्न प्रयोग हुने सामान, पित्तलको पाता, खरबुजा, केरा, अंगुर, हरियो तरकारी, चिनी, मटर दाना, विभिन्न किसिमका किराना सामान, बोइलर कुखुराको मासु, भारतीय नम्बर प्लेटको जिप, मोटरसाइकल, बोइलर कुखुरा, हरियो खुर्सानी, गम्छा, साइकल, धागो, युरिया मललगायत रहेका छन् ।

# लुम्बिनी प्रदेशमा सडक आश्रित मानव उद्धार सुरु

**लुम्बिनी,** चैत १६ / मानवसेवा आश्रमले सडक आश्रित मानवमुक्त लुम्बिनी प्रदेश निर्माण गर्ने लक्ष्यसहित सोमबारदेखि उद्धार यात्रा २०८२ सुरु गरेको छ । प्रदेशका विभिन्न क्षेत्रका सडकपेटीमा कष्टपूर्ण जीवन बिताइरहेका बेसहारा, असहाय सडक मानवहरूको उद्धार गरी संरक्षण प्रदान गर्ने उद्देश्यले अभियान स्वरुप उद्धार यात्रा सञ्चालन गरिएको आश्रमले जनाएको छ ।

लुम्बिनी प्रदेशमा सोमबार देखि सुरु भएको उद्धार यात्रा यही चैत ३० गतेसम्म सञ्चालन हुने आश्रमको भनाइ छ । सो यात्रा लुम्बिनी प्रदेशका १२ जिल्ला बर्दिया, बाँके, दाङ, रुकुम पूर्व, रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची, पाल्पा, कपिलवस्तु, नवलपरासी ( पश्चिम) र रुपन्देहीमा सञ्चालन हुने जनाइएको छ । अभियानको पहिलो दिन सोमबार उद्धार टोली बर्दिया जिल्लामा केन्द्रित रहेर सडक




मानवहरुको खोजीका क्रममा दुई जनाको उद्धार गरिएको आश्रमका सञ्चारकर्मी भाग्यश्री खड्काले जानकारी दिइन् । उनले उद्धार यात्राका क्रममा सडकमा अलपत्र अवस्थामा जीवन बिताइरहेका बेसहारा, अशक्त, असहाय, अभिभावकविहीन बालबालिका, शारीरिक तथा मानसिक रुपमा कमजोर सडक मानवको अवस्था अवलोकन गरी वास्तविक सडकआश्रित मानव पहिचान गरिने बताइन् । उद्धार गरिएका व्यक्तिहरूलाई आश्रमका विभिन्न शाखाको संरक्षणमा राखि उपचारसँगै सम्मानजनक जीवनयापनको वातावरण उपलब्ध गराइने आश्रमले जनाएको छ । *(... बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## सय कार्यसूची कार्यान्वयनको अपेक्षा

**बालेन शाह नेतृत्वको सरकारले शासकीय सुधारसम्बन्धी सय कार्यसूची सार्वजनिक गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले विभिन्न मन्त्रालयसम्बन्धित निर्णय गरेको थियो । जसअन्तर्गत २४ भदौको घटनाको सत्यतथ्य छानबिन गर्न एक साताभित्र उच्चस्तरीय छानबिन समिति गठन गर्ने र १५ दिनभित्र अधिकार सम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने लगायतका छन् । सरकारका सयबुँदे कार्ययोजना स्वागतयोग्य छ । अहिलेको अवस्थामा यसले सकारात्मक आशाको सञ्चार गर्ने छ । किनभने यसमा सरकारी प्राथमिकता र कार्यदिशा स्पष्ट देखिन्छन् ।**

**जनताले लामो समयदेखि अपेक्षा गरेको सुशासन, प्रभावकारी सेवाप्रवाह र भ्रष्टाचार नियन्त्रणका प्रतिबद्धताहरूलाई एकैसाथ समेटिएको यो कार्यसूची केवल कागजी योजना मात्र होइन, यदि इमानदारपूर्वक कार्यान्वयन गरियो भने यो देशको शासन प्रणालीलाई नै रूपान्तरण गर्ने आधार बन्न सक्छ । तर, यति नै ठूलो अपेक्षासँगै यसको कार्यान्वयन चुनौती पनि उत्तिकै गम्भीर छ । सरकारले २०४८ सालदेखि हालसम्म सार्वजनिक पदमा बसेका उच्च पदस्थ पदाधिकारी र कर्मचारीहरूको सम्पत्ति छानबिन गर्ने घोषणा गर्नु आफैंमा साहसिक र ऐतिहासिक निर्णय हो । यस्तो कदमले भ्रष्टाचारविरुद्ध 'शून्य सहनशीलता' को स्पष्ट सन्देश दिन्छ । तर विगतका अनुभवले देखाउँछ– घोषणा गर्न सजिलो, कार्यान्वयन गर्न कठिन । राजनीतिक दबाब, प्रशासनिक जटिलता र स्वार्थ समूहहरूको प्रभावका कारण यस्ता पहलहरू बीचमै अलपत्र पर्ने गरेका छन् । त्यसैले, १५ दिनभित्र अधिकारसम्पन्न छानबिन समिति गठन गर्ने प्रतिबद्धता केवल समयसीमा होइन, सरकारको विश्वसनीयताको पहिलो परीक्षा पनि हो । कानुनी झन्झटका कारण केही कार्य गर्न स्वयं सरकारलाई नै समस्या हुने स्पष्ट छ । त्यसैले तोकिएका समयसीमा व्यावहारिक छन् कि छैनन् भन्ने प्रश्न उठ्छ । यदि यस्ता प्रक्रियागत जटिलतालाई अध्ययन नगरी हचुवाको भरमा योजना बनाइएको हो भने कार्यान्वयन निकै कठिन बन्नेछ । प्रधानमन्त्री र उनको टिमले यदि सय दिने कार्य सूचीलाई केवल औपचारिक दस्तावेजका रूपमा नभई , दैनिक कार्यसञ्चालनको आधारका रूपमा लिन्छन् भने, परिणाम आउन सक्छ । तसर्थ कार्ययोजना कागजमा हैन व्यवहारमा अक्षरशः कार्यान्वयन गर्ने दिशामा सरकार सक्रिय भएर लाग्न जरुरी छ ।**

## Opinion @ Social Network

भगवान चित्रमा होइन चरित्रमा बस्नुहुन्छ,
त्यसैले आृनो आत्मालाई मन्दिर बनाउनुहोस्।
*(सरस्वती शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/sarwoti.shrma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# २१औँ शताब्दीको भूराजनीतिक मोडमा नेपाल



## बलराम बास्कोटा

२१औँ शताब्दीको तेस्रो दशकमा विश्व व्यवस्था अभूतपूर्व संक्रमणकालबाट गुज्रिरहेको छ । सोभियत संघको विघटनपछि स्थापित एकध्रुवीय विश्वको अवस्था र व्यवस्था क्रमशः कमजोर हुँदै गएको छ भने 'ग्लोबल साउथ' का राष्ट्रहरूको उदयले बहुध्रुवीयताको नयाँ स्वरूपलाई जन्म दिएको छ । यसै सन्दर्भमा, नेपालमा भर्खरै सम्पन्न निर्वाचन पछिको नेपालको आन्तरिक राजनीतिक परिदृश्य र बाह्य सम्बन्धले नयाँ आयाम सिर्जना गरेको छ । हिमालदेखि तराईसम्म सात प्रदेशमा फैलिएको यो भूपरिवेष्टित राष्ट्र नेपालका लागि कूटनीतिक चातुर्यता अहिलेको प्रमुख आवश्यकता हो । यस आलेखमा नेपालको वामपन्थी आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, ०८२ को निर्वाचनको सन्देश, भू-राजनीतिक जटिलता, संघीयताको वर्तमान अवस्था र भविष्यको बाटोका बारेमा विश्लेषण गर्ने प्रयास गरिनेछ ।

**नेपाली समाजको रूपान्तरण**

नेपालको राजनीतिक इतिहासलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिले हेर्दा, यहाँका हरेक परिवर्तन उत्पादनका साधनमाथिको नियन्त्रण र सामाजिक सम्बन्धको टकरावबाट निर्देशित छन् । ००७ सालको राणा विरोधी आन्दोलन, ०३६ र ०४६ सालको जनआन्दोलन, ०५२ सालको जनयुद्ध र ०६२/०६३ को दोस्रो जनआन्दोलनले नेपाली समाजलाई सामन्तवादको जालोबाट मुक्त गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म पुर्‍यायो । तर, समाजवादको यात्रा अपूर्ण रह्यो । संविधानमा उल्लेखित 'समाजवाद उन्मुख' राज्यको अवधारणालाई व्यवहारमा उतार्ने प्रश्नमा राजनीतिक जटिलताको हाउगुजी सिर्जना गरियो । वाम तथा लोकतन्त्रवादी शक्तिहरू यसबाट मुक्त हुन सकेनन् ।वर्तमान नेपाली समाज दलाल पुँजीवाद, रेमिट्यान्समा आधारित अर्थतन्त्र र राज्यसँगको अस्पष्ट सम्बन्धको संक्रमणकालमै रह्यो । लेनिनको भनाइ, 'क्रान्तिकारी सिद्धान्त बिना क्रान्तिकारी आन्दोलन सम्भव छैन' भन्ने उक्तिलाई बाम राजनैतिक नेताहरूले फदयांगम गर्न सकेनन् वा चाहेनन् । यसर्थ नेपालका वामपन्थी पार्टीहरू दलाल पुँजीको चक्रब्युहबाट उम्कन सकेनन् । नेपालका वामपन्थी शक्तिहरू संसदीय अभ्यासलाई नै अन्तिम लक्ष्य मान्ने कि यसलाई सामाजिक न्याय र समतामूलक समाज निर्माणको साधनका रूपमा लिएर समाजवाद निर्माणको गन्तव्य तिर अघि बढ्ने भन्नेमा भ्रमित भइरहे । यसका लागि उत्पादनका साधनमाथिको नियन्त्रण, राज्यको भूमिका र तिन खम्वे अर्थतन्त्रको विकास जस्ता संरचनागत विषयमा स्पष्ट धारणा राख्न चाहेनन् र सकेनन् । फलतः ०८२ को निर्वाचनमा लज्जाजनक पराजय भोग्नु पर्‍यो ।

हालै सम्पन्न निर्वाचनका नतिजाहरूले नेपाली मतदाताको मनोविज्ञानमा आएको आवेग, आक्रोश र परिवर्तनलाई संकेत गर्छ । परम्परागत राजनीतिक शक्तिहरूले यस आवेगलाई विवेकको साँचोमा ढाल्न नसक्नुले र नयाँ उदय भएका वा गराइएका शक्तिहरूले संसदमा करिब दुईतिहाई मत ल्याए । जनता अब केवल 'आश्वासन' होइन, 'डेलिभरी' चाहन्छन् भन्ने कुरा अब वाम राजनैतिक शक्तिले बुझ्नै पर्छ ।

**पुस्तान्तरण र जेनजीको भूमिका**

यस पटकको निर्वाचनमा युवा मतदाता, विशेषगरी डिजिटल प्रविधिमा अभ्यस्त पुस्ताको भूमिका निर्णायक देखियो। सामाजिक सञ्जाल केवल सूचनाको माध्यम मात्र रहेन, यो राजनीतिक एजेन्डा सेट गर्ने र जनमत निर्माण गर्ने प्रमुख थलो बन्यो । रोजगारी, डिजिटल पूर्वाधार, शिक्षा सुधार र जलवायु परिवर्तन जस्ता विषयहरू युवा मतदाताका प्राथमिकतामा परे भन्ने कुरा नेतृत्वलाई पटक्कै महसुस भएन । चुनावी घोषणापत्रहरूमा देखाउन खोजेको लोकप्रियतावादका बाबजुद सचेत नागरिकले दीर्घकालीन आर्थिक योजना र राष्ट्रिय स्वाधीनताका मुद्दालाई प्राथमिकता दिए । जातीय, भौगोलिक र सामाजिक विभाजनको राजनीति गर्ने दलहरूले अपेक्षित सफलता पाउन नसक्नुले पनि मतदाताको चाहना स्पष्ट रूपमा झल्काउँछ ।

**भू-राजनीतिक जटिलता**

नेपालको अवस्थिति दुई विशाल छिमेकीहरूबिच मात्र सीमित छैन । अमेरिकाको 'इन्डो-प्यासिफिक रणनीति' को रणनीतिक संगमस्थल पनि बनेको छ । यस्तो अवस्थामा नेपालको तटस्थता र राष्ट्रिय हितको रक्षा कसरी गर्ने ? भन्ने ठूलो चुनौती हो । नेपालले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर दुवै छिमेकी चीन र भारतसँग सन्तुलित सम्बन्ध कायम राख्नुपर्छ । कृषि विकास, जलस्रोत र कनेक्टिभिटीमा छिमेकीहरूको सहयोग लिँदै गर्दा आफ्नो सार्वभौमिकतामा आँच आउन दिनु हुँदैन । यसका लागि मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजनाको चयन, ऋण व्यवस्थापन र कार्यान्वयनमा पारदर्शी र राष्ट्रियहित केन्द्रित संस्थागत संयन्त्र आवश्यक छ ।स्ट्रेट पार्टनरसिप प्रोग्राम (एसपीपी) लाई कुनै पनि हालतमा स्विकार्नु हुँदैन । भारतसँगको खुला सीमा, लिपुलेकको सन्दर्भ, जलस्रोत सम्झौता र ऊर्जा व्यापारमा पनि नेपालको वार्ता क्षमता बलियो बनाउनु अनिवार्य छ ।

**अन्तर्राष्ट्रिय ऐक्यबद्धता**

साम्राज्यवादी हस्तक्षेपका विरुद्ध भेनेजुएलाको संघर्ष र प्यालेस्टाइनको आत्मनिर्णयको अधिकारजस्ता विषयमा नेपाल जस्तो असंलग्न राष्ट्रको स्पष्ट अडान हुन जरुरी छ । यसले विश्व मञ्चमा नेपालको नैतिक साख बढाउने मात्र होइन, संयुक्त राष्ट्र संघजस्ता बहुपक्षीय मञ्चहरूमा नेपालको प्रभावकारी उपस्थितिलाई समेत सहयोग पुर्‍याउँछ । तर, यस्ता अडानहरूलाई द्विपक्षीय सम्बन्धसँग सन्तुलन गर्ने कूटनीतिक चातुर्यता पनि उत्तिकै महत्वपूर्ण छ । विगतमा संयुक्त राष्ट्रसंघमा यूक्रेनको पक्ष लिएको घटना र इरानी नागरिकको 'अन अराइभल भिषा' नदिने नेपाल सरकारको निर्णय असम्लग्न परराष्ट्र नीति अनुकुल छैन् ।

**५. संघीयता र स्थानीय सरकार: सुशासनको आधार**

संविधानले परिकल्पना गरेको संघीयताको सफल कार्यान्वयन नै नेपालको विकासको साँचो हो । तर, केन्द्रिकृत मानसिकता, स्रोतको बाँडफाँडमा देखिएको अन्योल र क्षमता निर्माणको अभावले संघीयतामाथि नै प्रश्न उठ्ने गरेको छ । स्थानीय सरकारलाई बलियो र आत्मनिर्भर बनाउन आवश्यक छ ।आर्थिक आत्मनिर्भरता, कृषिमा आधुनिकीकरण, स्थानीय स्रोतको अधिकतम उपयोग र सहकारीहरूको संस्थागत विकास यसका मुख्य आधार हुन् । वामपन्थी दृष्टिकोणबाट हेर्दा, सहकारी र सामूहिक खेतीको अवधारणालाई स्थानीय तहबाटै प्रोत्साहन गरिनु पर्दछ । भूमि ब्यबस्थापन, कृषि ऋणको सहज पहुँच, प्रत्येक कृषि उपजको समर्थन मूल्य घोषणा, बजारमा समानुपातिक पहुँच सुनिश्चित गर्न सकियो भने मात्र यो सम्भव छ । यसले एकातिर बेरोजगारी अन्त्य गर्छ भने अर्कोतिर देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउँछ । जवाफदेहिताको ढाँचा स्पष्ट हुनुपर्छ । संघीयताको सफलताकालागि यो संरचनागत पक्ष सबैभन्दा महत्त्वपूर्ण छ ।

**प्रविधि र सामाजिक परिचालन**

डिजिटल युगमा 'प्रोपागान्डा' को प्रतिकार गर्न र आधारभूत तहका मानिसहरूको आवाजलाई मूलधारमा ल्याउन प्रविधिको प्रयोग अपरिहार्य छ । निर्वाचन अभियानहरूमा देखिएको सामाजिक सञ्जालको प्रभावलाई अब नीति निर्माण र जनचेतनाका लागि प्रयोग गरिनुपर्छ । तर, यसका लागि केवल प्रविधिको प्रयोग मात्र पर्याप्त छैन । डिजिटल पूर्वाधारलाई सार्वजनिक सेवाको रूपमा स्थापित गर्ने, सञ्चार माध्यमको सार्वजनिक स्वामित्व र सूचनाको अधिकारको प्रभावकारी कार्यान्वयन जस्ता विषयहरू पनि वामपन्थी राजनीतिको अनिवार्य एजेन्डा हुनुपर्छ ।यसका साथै नेपालका बामपन्थीहरुले उठाउनु पर्ने महत्वपूर्ण विषय राष्ट्रको डेटा सुरक्षा हो । वर्तमान सरकारले डिजिटल कार्यव्यवहारलाई प्राथमिकतामा राखेसँगै डिजिटल सुरक्षाको राष्ट्रिय रणनीति र क्षमता के हो भन्नेबारेमा पनि त्यति नै चनाखोगरी अभियान र खबरदारी गर्नु पर्नेछ ।

**वैचारिक जागरणको सान्दर्भिकता**

गत बर्ष फेब्रुअरी २१ मा मनाइएको 'रेड बुक डे' ले वैचारिक जागरणमा एउटा महत्वपूर्ण सन्देश दिएको छ । पुस्तक र विचार अझै पनि परिवर्तनका शक्तिशाली हतियार हुन् । त्यसैले आम जनसमुदायलाई मार्क्सवादी विचारबाट प्रशिक्षित गराइनु पर्छ ।

मार्क्सवाद जस्ताको तस्तै नक्कल गर्नु भन्दा पनि 'ठोस परिस्थितिको ठोस विश्लेषण'गर्दै त्यसलाई नेपाली परिवेशमा विकास गर्दै कार्यान्वयन गर्नु आवश्यक छ । यसका लागि नेपाली समाजको वर्तमान वर्ग संरचना, राज्यको स्वरूप, विश्व पुँजीवादको प्रकृति र नेपाली विशिष्टतामा आधारित सैद्धान्तिक वैचारिक आधार निर्माणको आवश्यकता छ ।

**आगामी बाटो**

नेपाल अहिले निर्णायक मोडमा उभिएको छ । ०८२ को निर्वाचनले दिएको जनादेशलाई कदर गर्नुको विकल्प छैन । राजनीतिक दलहरूले अबको समय आर्थिक समृद्धि र सामाजिक न्यायमा केन्द्रित गर्नुपर्छ । केपी ओली र रमेश लेखकको गिरफ्तारीले प्रतिशोधको राजनीति सत्तापक्षले अंगिकार गरेको हो कि ? भन्ने आशंका जन्माएको छ । अहंकार र दम्भले हामीलाई यो ठाउँसम्म ल्याएको हो । प्रतिशोध भन्दा राष्ट्रिय सवालमा सहमती र सहकार्यको नीति अबलम्वन गरिनु पर्छ । यसका लागि निम्न दिशाहरूमा ध्यान दिन आवश्यक छ ।

**पहिलो,** आर्थिक एजेन्डा । दलाल पुँजीवादको घेरा तोडेर राष्ट्रिय पुँजीको विकास गर्ने, उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने र रेमिट्यान्समा आधारित अर्थतन्त्रलाई उत्पादनमूलक अर्थतन्त्रमा रूपान्तरण गर्ने ।

**दोस्रो,** कूटनीतिक अडान । कुनै पनि सैन्य ब्लकमा सहभागी नभई 'सबैसँग मित्रता, कसैसँग छैन शत्रुता' को नीतिलाई दृढतापूर्वक पालना गर्ने । तर, यो नीतिलाई व्यवहारमा उतार्नका लागि संस्थागत कूटनीतिक क्षमताको विकास, वार्ताको सीप र राष्ट्रिय हितको स्पष्ट परिभाषा आवश्यक छ ।

**तेस्रो,** युवा नेतृत्व । युवाहरूको ऊर्जा र पुरानाको अनुभवलाई संयोजन गर्दै नयाँ कार्यदिशा तय गर्ने । राजनीतिक दलहरूभित्र पुस्ता हस्तान्तरणको स्पष्ट संस्थागत प्रक्रिया, नीति निर्माणमा युवाको सहभागिताको ढाँचा र नेतृत्व विकासका कार्यक्रमहरू यसका लागि आवश्यक छन् ।

**चौथो,** वैचारिक स्पष्टता । संसदीय अभ्यासलाई मात्र अन्तिम लक्ष्य नठानी यसलाई सामाजिक न्याय र समतामूलक समाज निर्माणको साधन बनाउने । यसका लागि सैद्धान्तिक अध्ययन तथ्यमा आधारित विश्लेषण र जनताको आधारभूत तहको आवश्यकतासँग जोडिने क्षमताको विकास गर्नुपर्छ । नेपालको समाजवादतर्फको यात्रा कठिन छ, तर असम्भव छैन । विचारको स्पष्टता, संगठनको सुदृढीकरण, संस्थागत क्षमताका विकासले गन्तव्यमा पुग्न सकिन्छ ।- ***रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वास्थ्यप्रति सावधान रहनुहोला। कार्यको उचित मूल्यांकन हुनेछ । | **तुला** : नोकरीमा प्रभाव बढ्नेछ । ठेकापट्टा वा कृषिबाट लाभ हुने छ । |
| **वृष** :शुभ कर्मको चर्चा हुनेछ । कार्यक्षेत्रमा नेतृत्व गर्ने क्षमतामा वृद्धि हुनेछ । | **वृश्चिक** : परीक्षामा राम्रो परिणाम मिल्नेछ। चलिरहेको पुरानो विवाद सुल्झिनेछ। |
| **मिथुन** :बोलिको प्रभावले कार्य सिध्द हुनेछन् । यात्रा गर्दा सामानको ख्याल राखौं। | **धनु** : विरोधीहरूबाट सावधान रहनुहोला। कार्यक्षेत्रमा व्यस्तता बढ्ने छ । |
| **कर्कट** : उत्साहमा वृद्धि देखिएको छ । विशेष व्यक्तिसँग भेटघाटका योग छन्। | **मकर** : नयाँ योजनाहरू बन्नेछन्। सामाजिक गतिविधिमा धन खर्च हुनेछ। |
| **सिंह** :कार्य सजिलै सम्पादन हुनेछ । पारिवारिक सम्बन्धमा कमी आउन सक्छ। | **कुम्भ** : नयाँ नोकरीमा सफलता मिल्नेछ। वित्तीय क्षेत्रमा शुभ समाचार मिल्नेछ। |
| **कन्या** : कार्यक्षेत्रमा सफलता मिल्नेछ। सैद्धान्तिक विषयमा पक्ष मजबुत रहनेछ। | **मीन** : आर्थिक पक्ष सबल रहने छ । सन्तान पक्षबाट सुभ सूचना मिल्नेछ। |

## विज्ञान/सूचना प्रविधि

# ‘बेटिङ एप’ र ‘वेबसाइट’ बन्द



सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले ‘अनलाइन’ सट्टेबाजी एप (बेटिङ एप) र त्यससम्बन्धी ‘वेबसाइट’ बन्द गराएको छ । मन्त्रालयले बेटिङ एप र वेबसाइट २४ घण्टाभित्र बन्द गर्न नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरेपछि प्राधिकरणले इन्टरनेट सेवाप्रदायकसँगको समन्वयमा हाल पहिचान भएका सबै सट्टेबाजी एप र वेबसाइट बन्द गरिएको हो ।

सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले मन्त्रालयका सचिवसहित महाशाखा प्रमुखहरुसँगको बैठकमा बेटिङ एप र त्यससम्बन्धी वेबसाइट बन्द गर्न निर्देशन दिएलगत्तै प्राधिकरणले बेटिङ बन्द गर्ने प्रक्रिया सुरु गरेको थियो । मन्त्रीको निर्देशनलगत्तै मन्त्रालयले बेटिङ बन्द गर्न दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरेपछि इन्टरनेट सेवाप्रदायकसँगको समन्वयमा बेटिङ एप र वेबसाइट बन्द गरिएको हो । मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकले अवैध रूपमा सञ्चालित अनलाइन बेटिङ बन्द गर्ने निर्णय गरेको थियो । त्यसलगत्तै सञ्चारमन्त्री डा. तिमिल्सिनाले मन्त्रालय र सम्बद्ध निकायसँग छलफल गरी तत्कालै ‘एक्सन’ लिएका थिए । मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं ४२ मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजी एप र वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने उल्लेख छ । सोही बमोजिम मन्त्रालयले मन्त्रिस्तरको निर्णयअनुसार प्राधिकरणलाई इन्टरनेटसेवा प्रदायकसँगको समन्वयमा कुनै पनि विद्युतीय माध्यमबाट हुने सट्टेबाजीलगायतका एप तथा वेबसाइट तत्काल बन्द गर्न निर्देशन दिएको थियो । सोही निर्देशनबमोजिम सबै सट्टेबाजी एप र साइट बन्द गरिएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कानुनी व्यवस्थाका विपरीत हुनेगरी नेपालभर सट्टेबाजी एप र त्यससम्बन्धी वेबसाइट सञ्चालन तथा प्रयोग नगर्न/नगराउन मन्त्रालयले अनुरोध गरेको छ । साथै, कसैले अनधिकृत रुपमा सट्टेबासी एप र वेबसाइट प्रयोग गरेमा वा सञ्चालन गरेमा प्रचलित कानुनबमोजिम साधिकार निकायबाट कडा कारबाही हुने स्पष्ट पारेको छ ।यस सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) बमोजिम कसैले सट्टाबाजी गर्नु वा गराउनु हुँदैन भन्ने प्रावधान रहेको र सो उलैन गरेमा सोही दफाको उपदफा (६) बमोजिम कसुरमा प्रयोग भएको बिगो जफत गरी कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र रु १० हजारसम्म जरिवाना हुने व्यवस्था रहेको छ । त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ को दफा ५ को उपदफा १ को (ख) मा समेत जुवा खेल्न खेलाउन वा प्रचलित कानुनबमोजिम अनुमति नलिएको चिठ्ठा किन्न तथा किनाउन प्रोत्साहन गर्ने विषयमा विज्ञापन गर्न नहुने व्यवस्था रहेको र सो विपरीत कसैले कसुर गरेमा कसुर गर्ने र गराउनेलाई त्यसबापत प्रचलित कानुनले कुनै सजाय हुने रहेछ भने सो बमोजिम सजाय गर्ने र सो नभएमा एक वर्षसम्म कैद र रु १० हजार जरिमाना हुने व्यवस्था रहेको छ । उल्लिखित कानुनी व्यवस्था विपरीत सट्टेबाजी एप र वेबसाइट सञ्चालन वा प्रयोग गरेको थाहा पाएमा प्राधिकरणको सम्पर्क व्यक्तिलाई फोन नं वा इमेलमामार्फत जानकारी गराई दिन अनुरोध गरिएको छ । *-रासस*

# सामाजिक सञ्जाल लतको मुद्दामा मेटा र युट्युब दोषी ठहर




अमेरिकाको क्यालिफोर्निया राज्यको एक जूरीले सामाजिक सञ्जाल प्लेटफर्महरू मेटा र युट्युबलाई एक युवतीलाई जानीजानी लत लगाएको र उनको मानसिक स्वास्थ्यमा क्षति पुऱ्याएकोमा दोषी ठहर गरेको छ । मेटा र युट्युबले आफ्ना प्लेटफर्मका जोखिमहरूबारे प्रयोगकर्तालाई चेतावनी दिन असफल भएको र त्यसबाट प्रयोगकर्तालाई गम्भीर क्षति पुगेको ठहर गरेको हो ।

सीएनएनका अनुसार यो मुद्दा २० वर्षीया क्यालिफोर्नियाकी एक युवती (काल्पनिक नाम ‘केली’) र उनकी आमाले दायर गरेका थिए । उनीहरूले मेटा, युट्युब, टिकटक र स्न्याप इन्कविरुद्ध मुद्दा हालेका थिए । मुद्दामा ती कम्पनीहरूले बाल्यकालदेखि नै उनलाई आकर्षित गर्दै लत लगाएको र त्यसका कारण चिन्ता, शरीरप्रति असन्तुष्टि र आत्महत्यासम्बन्धी सोच विकसित भएको आरोप लगाइएको थियो । सुनुवाइअघि टिकटक र स्न्यापले भने मुद्दा मिलाइसकेको समाचारमा उल्लेख छ । मेटा र युट्युबलाई भने जूरीले कुल ३० लाख डलर क्षतिपूर्ति तिर्न आदेश दिएको छ । युट्युबलाई ९ लाख डलर र मेटालाई २१ लाख डलर जरिवाना तिर्न जुरीले आदेश दिएको सीएनएनको समाचारमा उल्लेख छ । जूरीले यस घटनामा मेटा ७० प्रतिशत र युट्युब ३० प्रतिशत जिम्मेवार रहेको ठहर गरेको छ ।सात हप्तासम्म चलेको सुनुवाइपछि जूरीले आठ दिनभन्दा बढी छलफल गरेर निर्णय सुनाएको हो । अदालतमा केलीले सामाजिक सञ्जालको लतले अहिले पनि आूनो दैनिक जीवन प्रभावित गरिरहेको, कामको समयमा समेत लुकेर फोन चलाउन बाध्य हुने गरेको र फिल्टर प्रयोग गरेर आफ्नो स्वरूप परिवर्तन गर्न घण्टौं बिताउने गरेको बयान दिएकी थिइन् । पुनरावेदनमा जाने तयारीयस आदेशमा मेटा र युट्युब कम्पनीहरूले असहमति जनाउँदै पुनरावेदन गर्ने बताएका छन् । मेटाले किशोर मानसिक स्वास्थ्य जटिल विषय भएको र यसलाई एउटै एपसँग जोड्न नसकिने दाबी गरेको छ । युट्युबले भने आफू जिम्मेवार तरिकाले निर्माण गरिएको प्लेटफर्म भएको जनाएको छ । सीएनएनका अनुसार यो मुद्दा सामाजिक सञ्जाल कम्पनीविरुद्ध दायर भएका करिब १ हजार ५०० मध्ये पहिलोपटक पूर्ण सुनुवाइमा गएको हो । यसले आगामी अन्य मुद्दाहरूको नतिजामा मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ । लगातार यस्ता मुद्दामा हार बेहोरेमा यी कम्पनीहरूले अर्बौं डलर क्षतिपूर्ति तिर्नुपर्ने र आूनो प्लेटफर्ममा ठूला सुधार गर्नुपर्ने अवस्था आउन सक्छ । यसअघि न्यु मेक्सिकोमा पनि अर्को जूरीले मेटालाई बालबालिकालाई यौन अपराधीबाट जोगाउन असफल भएको भन्दै दोषी ठहर गरेको थियो । विशेषज्ञहरूका अनुसार यो निर्णय सामाजिक सञ्जालको इतिहासमा ‘टर्निङ प्वाइन्ट’ बन्न सक्छ । अभिभावक र अधिकारकर्मीहरूले लामो समयदेखि बालबालिकाको सुरक्षाका लागि कडा नियम आवश्यक रहेको बताउँदै आएका छन् । अब यो निर्णयपछि अमेरिकी संसदमा बालबालिका सुरक्षासम्बन्धी कानुन बन्ने दबाब बढ्ने अपेक्षा गरिएको छ ।*-अनलाइन खबर डटकम*


# बजेट सेगमेन्टमा भिभोको वाई०५ नेपाली बजारमा




नेपाली स्मार्टफोन बजारमा चिनियाँ ब्राण्ड भिभोले आूनो नयाँ बजेट स्मार्टफोन भिभो वाई०५ सार्वजनिक गरेको छ। काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको यस फोनले विशेष गरी ब्याट्री क्षमता र टिकाउपनमा नयाँ मानक स्थापित गर्ने दाबी गरिएको छ। किफायती मूल्यमा शक्तिशाली फिचर खोज्ने प्रयोगकर्ताहरूलाई लक्षित गर्दै भिभोले यस पटक ब्याट्री प्रविधिमा ठुलो फड्को मारेको छ। यस स्मार्टफोनको सबैभन्दा बलियो पक्ष यसको ६५०० एमएएच क्षमताको ‘ब्लुभोल्ट’ ब्याट्री हो । सामान्यतया बजेट फोनहरूमा ५००० एमएएच सम्मको ब्याट्री पाइने भए पनि भिभोले यसमा उच्च क्षमताको ब्याट्री जडान गरेको छ ।

कम्पनीका अनुसार यो ब्याट्री ५ वर्षसम्म पूर्ण रूपमा स्वस्थ रहने गरी डिजाइन गरिएको छ, जसले गर्दा प्रयोगकर्ताले लामो समयसम्म ब्याट्री फेर्नुपर्ने वा कार्यक्षमता घट्ने चिन्ता लिनुपर्ने छैन। दिनभर गेम खेल्ने, भिडियो हेर्ने वा सामाजिक सञ्जालमा सक्रिय रहनेहरूका लागि यो ब्याट्री निकै उपयोगी हुने देखिएको छ । फोनको सुरक्षा र टिकाउपनका लागि यसमा आईपी ६५ रेटिङ दिइएको छ, जसले धुलो र पानीका छिटाहरूबाट डिभाइसलाई जोगाउँछ । साथै, अचानक हातबाट खस्दा हुन सक्ने भौतिक क्षति कम गर्न यसमा ‘प्रोफेसनल एन्टी-ड्रप’ डिजाइन प्रयोग गरिएको छ । डिस्प्लेको कुरा गर्दा यसमा १२० हर्जको रिफ्रेस रेटसहितको स्मूथ स्क्रिन छ, जसले चलाउँदा निकै सहज अनुभव दिन्छ । चर्को घाममा पनि स्क्रिन स्पष्ट देखियोस् भन्नका लागि यसमा १२०० निट्सको पिक ब्राइटनेस राखिएको छ भने अडियो अनुभवलाई सशक्त बनाउन २०० प्रतिशतसम्म भोल्युम बढाउन मिल्ने ‘बूस्ट’ फिचर थपिएको छ । भिभो वाई०५ नेपाली बजारमा दुई वटा भेरियन्टमा उपलब्ध हुनेछ । ४ जीबी ऱ्याम र ६४ जीबी स्टोरेज भएको मोडलको मूल्य १६ हजार ९९९ रुपैयाँ तोकिएको छ भने ४ जीबी र्याम र १२८ जीबी स्टोरेज भएको मोडलको मूल्य १९ हजार ४९९ रुपैयाँ निर्धारण गरिएको छ । यो फोन आगामी मार्च २५, २०२६ देखि देशभरका आधिकारिक रिटेल स्टोरहरू र अनलाइन सपिङ पोर्टल दाराजमार्फत खरिद गर्न सकिनेछ । ओरिजिन ओएस ६ मा आधारित यो फोनले सस्तो मूल्यमा प्रिमियम अनुभव खोज्ने नेपाली ग्राहकको मन जित्ने अपेक्षा गरिएको छ।-*रातोपाटी डटकम*

# विशेष अफरसहित साओमी १७ अल्ट्राको प्रि-अर्डर नेपालमा




विश्वको अग्रणी प्रविधि ब्रान्ड साओमीले आफ्नो उत्कृष्ट प्रदर्शन गर्ने मोबाइलमध्ये एक साओमी १७ अल्ट्राको प्रि-अर्डर औपचारिक रूपमा नेपालमा सुरु भएको घोषणा गरेको छ। अल्ट्रा, पातलो डिजाइन, उच्च कार्यक्षमता र उत्कृष्ट प्रदर्शनका लागि परिचित यो फोन आफ्नो श्रेणीमा अत्यन्तै मन पराइनेमध्ये एक हो।

यस प्रि-अर्डर अवधिमा ग्राहकहरूले साओमी १७ अल्ट्रा १६ जिबी+५१२ जिबी भेरियन्टका लागि उपलब्ध तीन विशेष अफरहरूमध्ये कुनै एक रोज्न सक्नेछन्।

- रू.१०,००० तत्कालै क्यासब्याक वा
- साओमी वाच एस ४ (४१ एमएम) मात्र रु. २४,९९९ (वास्तविक मूल्य रु ३९९९९) वा

-साओमी बड्स ५ फ्रि (वास्तविक मूल्य १५,९९९)

साओमी १७ अल्ट्रा किन्ने ग्राहकहरूले बिक्री पछि विशेष सुविधाहरू प्राप्त गर्नेछन् । यस योजनाअन्तर्गत फोन खरिद गरेको पहिलो ६ महिनासम्म एक पटक नि:शुल्क स्क्रिन फेर्न पाइने सुविधा प्राप्त गर्ने छन् भने नियमित १२ महिनाको वारेन्टीमा ६ महिना थप गरी कुल १८ महिनाको वारेन्टी सुविधा पनि पाउने छन् । यसका साथै वारेन्टी सकिएपछि गरिने मर्मतमा पनि २४ महिनासम्म कुनै सेवा शुल्क लाग्ने छैन । साओमी १७ अल्ट्रा कालो, सेतो र स्टारलाइट तीनवटा आकर्षक रङमा उपलब्ध छ । यो आफ्नो श्रेणीमा सबैभन्दा पातलो र हल्का डिभाइसमध्ये एक हो, जसले लामो समयसम्म आरामदायी र उत्कृष्ट अनुभव प्रदान गर्छ । लाइकासँगको सहकार्यमा विकसित यो डिभाइसले उत्कृष्ट फोटो र भिडियो खिच्ने क्षमता राख्छ । साओमी १७ अल्ट्रामा रहेका ृल्यागशिप लाइका-इन्च अल्ट्रा डाइनामिक क्यामेरामा नयाँ लाइट फ्युजन १०५०L इमेज सेन्सर र लोफिक एचडिआर टेक्नोलोजी प्रयोग गरिएको छ । यसमा लाइका २०० एमपी टेलिफोटो क्यामेरा जडान गरिएको छ । जसमा अत्याधुनिक ७५-१०० एमएम मेकानिकल अप्टिकल जुम पनि सपोर्ट गर्दछ । डिभाइसमा ६००० एमएएच क्षमताको साओमी सर्ज ब्याट्री छ । जसले ९० वाट हाइपरचार्ज र ५० वाट वायरलेस हाइपरचार्ज सपोर्ट गर्नेछ । यसले लामो समयसम्म टिक्ने क्षमता राख्दछ । आइपी ६८ स्प्ल्यास तथा डस्ट रेसिस्टेन्स र साओमी शिल्ड ग्लास ३.० ले डिभाइसलाई सबै तिरबाट सुरक्षा प्रदान गर्नुका साथै बलियो रेसिस्टेन्स सुनिश्चित गर्ने काम गर्छ । यससँगै साओमी १७ अल्ट्राले धेरैजसो अवस्थामा ३५०० निट पीक ब्राइटनेस दिन्छ र डिसी डिमिङ फिचरले आँखालाई थाक्न दिँदैन ।त्यस्तै साओमी प्याड ८ मा पनि क्यासब्याक र बन्डलिङ अफरहरू उपलब्ध गराइएको थियो । तर सोचेभन्दा अत्यधिक प्रि-बुकिङ भएपछि खुला गरिरएको केही घण्टामै प्रि-अर्डर अफर बन्द गरिएको हो । साओमी १७ अल्ट्रा १६ जिबी + ५१२ जिबीको मूल्य रु १,९९,९९९ तोकिएको छ भने यसको प्रि-अर्डर अफर २५ मार्चदेखि ३१ मार्चसम्म मात्र लागू हुने कम्पनीले जनाएको छ ।

- *डिसी नेपाल*

# आज महावीर जयन्ती मनाइँदै, को हुन् उनी ?



**पाल्पा,** चैत १६/ आज महावीर स्वामी जन्म जयन्ती, हरेक वर्ष चैत महिनाको शुक्ल पक्षको त्रयोदशी तिथिमा यो जन्म जयन्ती मनाइन्छ । महावीरले जैन धर्मको खोजसँगै यस धर्मका प्रमुख सिद्धान्तहरुको प्रतिपादन गरेका थिए ।

महावीर स्वामीलाई जैन धर्मका २४ औं तीर्थकर तथा भगवानका रुपमा पूजा गरिन्छ । त्यसै कारण यस दिन भगवान् महावीरको शोभा यात्रा निकालिन्छ, जसमा जैन धर्मका अनुयायीहरुको ठूलो सहभागीता रहन्छ । नेपालसहित विश्वभर छरिएर जैन धर्मका दिगम्बर तथा श्वेताम्बर दुवै सम्प्रदायले जन्म जयन्ती हर्षोल्लासपूर्वक मनाउँछन् । यस दिनलाई महावीर जन्मकल्याणक समेत भनिन्छ । करिब २६ सय वर्षअघि वैशाली गणतन्त्र (हाल भारत बिहारको मुजफ्फरपुर जिल्लाको बसाढ गाउँ) को क्षत्रीय कुण्डलपुरमा बाबु सिद्धार्थ तथा आमा त्रिशलाका तेस्रो सन्तानका रूपमा वर्धमानको जन्म भएको थियो । उनै बर्धमान पछि महावीर स्वामी बनेका थिए । महावीर स्वामी जैन धर्मका प्रवर्तक हुन् । उनी अहिंसाका प्रतीक थिए । उनको जीवन त्याग एवं तपस्याले ओतप्रोत थियो । जुन युगमा हिंसा, पशुबली, जातपातको भेदभाव थियो त्यसै युगमा जन्मिएका महावीरले संसारलाई सत्य एवं अहिंसाको पाठ पढाएका थिए ।महावीरले आफ्ना अनुयायीहरूका लागि मोक्षका पाँच मार्ग अहिंसा, सत्य, अचौर्य, ब्रह्मचारी र अपरिग्रहका सिद्धान्तहरू परिपालन गर्न सिकाएका थिए । नेपालमा वैदिक, बौद्ध, जैन, शिखलगायतका समुदायबाट प्रत्येक वर्ष उत्साहपूर्वक महावीर जयन्ती मनाउने गरिएको छ । उनीहरुले महावीरलाई भगवानको रुपमा पुज्ने गर्दछन् ।

## ओली र लेखकलाई...

...ओली पत्नी राधिका शाक्यले दायर गरेको बन्दीप्रत्येक्षीकरण रिटमा सर्वोच्चले कारण देखाउ आदेश जारी गरेको हो ।

यस्तै सर्वोच्च अदालतले लेखकलाई पनि पक्राउ गर्नुको कारण माग गर्दै सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ । न्यायाधीश रेग्मीको एकल इजलासले सोमबार उक्त आदेश जारी गर्दै महान्यायाधिवक्ताको कार्यालयमार्फत तीन दिनभित्र लिखित जवाफ पेश गर्न निर्देशन दिएको हो ।अदालतले लेखकलाई पक्राउ गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को प्रक्रिया पालना भए-नभएको स्पष्ट पार्न भनेको छ । साथै, २०८२ भदौ २३ र २४ गतेको 'जेनजी आन्दोलन'का क्रममा भएका घटनाको छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन र अनुसन्धानको सक्कल मिसिल समेत झिकाउन आदेश दिइएको छ । पूर्वगृहमन्त्री लेखककी पत्नी यशोदाले आफ्ना पतिलाई गैरकानुनी रूपमा थुनामा राखिएको दाबी गर्दै आइतबार सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन् । लेखक र ओलीलाई सोही आयोगको सिफारिस कार्यान्वयनका क्रममा गत शनिबार पक्राउ गरिएको थियो । अदालतले उनीहरुलाई पक्राउ गर्नुको कारणसहित बहसका लागि अदालत उपस्थित हुन सरकारी पक्षलाई भनेको छ । भदौ २३ को प्रदर्शनमा बल प्रयोग गरी १९ जनाको ज्यान जानेगरी भएको घटनामा आपराधिक हेलचेक्राँइ गरेको आरोपमा प्रहरीले ओली र लेखकलाई पक्राउ गरी आइतबार जिल्ला अदालतमा बुझाएको थियो ।कार्की आयोगले जेनजी आन्दोलनमा भएको दमनको बेवास्ता गरी जनधनको क्षति गर्न मद्दत गरी आपराधिक लापरबाही गरेको आरोपमा तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री लेखक, प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ अनि काठमाडौंका एसएसपी विश्व अधिकारी, गृहसचिव गोकर्णमणि दुवाडी र काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई कारबाहीको सिफारिस गरेको थियो ।

## लुम्बिनी प्रदेशमा...

...उद्धार टोलीले स्थानीय तह, प्रहरी प्रशासन, विभिन्न सामाजिक सैसंस्था तथा सरोकारवालाहरूसँग सहकार्य गर्दै सडक आश्रित मानवमुक्त लुम्बिनी प्रदेश निर्माणका लागि प्रतिबद्धता संकलन गर्नेछ । अभियानमार्फत स्थानीय तहलाई पनि आृनो क्षेत्रमा रहेका सडकआश्रित मानवहरूको व्यवस्थापनमा जिम्मेवार बनाउने लक्ष्य राखिएको छ । मानवसेवा आश्रमले प्रदेशको जुनसुकै स्थानमा जोखिमपूर्ण अवस्थामा सडकमा जीवन बिताइरहेका मानव देखिएमा नजिकको प्रहरी कार्यालय वा उद्धार टोलीलाई तत्काल जानकारी गराउन सर्वसाधारणलाई अनुरोध गरेको छ । आश्रमले खुला सडकपेटी एवं सार्वजनिकस्थलहरूमा कष्टपूर्ण जीवनयापन गर्न विवश, बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन, शारीरिक तथा मानसिकरुपमा कमजोर मानवहरूको उद्धार, उपचार, पालनपोषण, संरक्षण एवं सम्भव हुनेहरुको पारिवारिक पुनर्मिलन गराउँदै आएको छ ।*-रासस*

### खेलकुद समाचार

## पीएम कपमा गण्डकीको ऐतिहासिक जित



**काठमाडौं,** चैत १६/ गण्डकी प्रदेशको क्रिकेट टोलीले पीएम कपकै ऐतिहासिक जित हासिल गरेको छ । तल्लो मुलपानी क्रिकेट मैदानमा विभागीय टोली एपीएफ क्लबलाई हराउँदै गण्डकीले इतिहास रचेको हो ।

गण्डकीले पीएम कपको इतिहासमै पहिलोपटक कुनै विभागीय टोलीलाई पराजित गरेको हो । वर्षापछिको वेट आउटफिल्डका कारण ढिला टस भएर २१ ओभरमा घटाइएको खेलमा गण्डकीले एपीएफमाथि ४३ रनको जित हासिल गऱ्यो । राष्ट्रिय टिमका कप्तान रोहित पौडेलसहित अन्तर्राष्ट्रिय अनुभव भएका खेलाडी सम्मिलित एपीएफको टोलीलाई हराउन गण्डकीका स्पीन बलरको शानदार प्रदर्शन रह्यो । ब्याटरले पनि राम्रो प्रदर्शन गरे । ब्याटिङमा गौरव विक, दीपक डुम्रे, अर्जुन कुमाल र बिपिन खत्रीले आ-आफ्नो तर्फबाट योगदान दिए । टी-२० सरहकै खेलमा १५० रनको योगफल चूनौतीपूर्ण थियो ।बलिङमा सुरुवातदेखि नै स्पीनर चम्किए । अपराजित पौडेल र सिब्रिन श्रेष्ठ मिलेर एपीएफको टप अर्डर ध्वस्त बनाएका थिए । सुवास भण्डारीले पनि उस्तै लय देखाए र एपीएफलाई कुनै मौका दिएनन् । बाँयाहाते स्पीन बलर बिपिन खत्री नै कप्तान रहेको गण्डकीका लागि स्पीन बलर नै चम्किए र विभागीय टोली एपीएफलाई हार चखाए । स्पीनर अपराजित पौडेल 'प्लेयर अफ द म्याच' घोषित भए ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा दोस्रो दिन पनि उच्च अङ्कको गिरावट



**पाल्पा,** चैत १६/नयाँ सरकार गठन भएपछिको पहिलो कारोबार दिन ७१ अंकले घटेको नेपाल स्टक एक्सचेञ्ज ( नेप्से) परिसूचकमा दोस्रो दिन पनि उच्च अंकको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक ४७ दशमलव ७१ अंकले घटेर दुई हजार ८३१ दशमलव ३९ को बिन्दुमा कायम भएको हो ।

यो एक दशमलव ६५ प्रतिशतको गिरावट हो । नयाँ सरकार गठन हुनुअघि २ हजार ९ सय ५० अंकमा थियो । सोमबार बजार खुलेपछि मध्य समयसम्म सम्हालिए पनि त्यसपछि तीव्र ओरालो लाग्यो । बजारसँगै कारोबार रकम पनि घटेको छ । अघिल्लो दिन १५ अर्ब ३ करोडको कारोबार भएकोमा १२ अर्ब ९६ करोडको भयो । २६ कम्पनीको मूल्य बढ्दा २३७ को घट्यो भने ५ को स्थिर रह्यो । बजारका सबै समूहगत सूचक घटेका छन् । व्यापार सबैभन्दा धेरै २ दशमलव ५६ प्रतिशत घट्यो । त्यस्तै बैंकिङ १ दशमलव ८६, विकास बैंक १ दशमलव २४, फाइनान्स २ दशमलव ००, होटल तथा पर्यटन १दशमलव १८, हाइड्रोपावर १ दशमलव ९३, लगानी १ दशमलव ५९, जीवन बीमा १ दशमलव ४०, उत्पादन तथा प्रशोधन ० दशमलव २१, माइक्रोफाइनान्स १ दशमलव ३०, निर्जीवन बीमा १ दशमलव ८२ र अन्य समूह २ दशमलव १३ प्रतिशत घटे । ६ कम्पनीको मूल्य १० प्रतिशत बढ्यो । १० प्रतिशत बढेका कम्पनीमा रिलायन्स स्पिनिङ मिल्स, सुपरखुदी हाइड्रोपावर, रिजलाइन इनर्जी, सूर्यकुन्ड हाइड्रोइलेक्ट्रिक, भुजुङ हाइड्रोपावर र होटल फरेस्ट इन छन् । सप्तकोशी विकास बैंकको मूल्य ९ दशमलव ८३ प्रतिशत बढ्यो । सोलु हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै ७ दशमलव ७९, युनिक नेपाल लघुवित्तको ७ दशमलव २३, सीवाईसी लघुवित्तको ६ दशमलव ८६, मल्टिपर्पज फाइनान्सको ४ दशमलव ९३ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार भएका कम्पनीमा रिडी पावर, ङादी ग्रुप, शिवम् सिमेन्ट, अपी पावर र नेसनल हाइड्रोपावर कम्पनी छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई